www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9858788707

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८२/०८३

मिति : २०८२।०९।१६

**विषय: भलिबल प्रतियोगिता सञ्चालन सम्बन्धी सूचना**

प्रस्तुत विषय सम्बन्धमा गाउँ कार्यपालिकाको मिति २०८२।०९।०९ गतेको निर्णयानुसार यस गाउँपालिकाको आयोजनामा गाउँपालिका मातहतका कार्यालय तथा सामुदायिक र संस्थागत विद्यालयहरुमा कार्यरत कर्मचारी तथा शिक्षकहरुको भलिबल प्रतियोगिता तपसिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकाले गाउँ कार्यपालिकाको कार्यालय र गाउँपालिका अन्तर्गतका वडाहरुबाट सहभागिताका लागि यो सूचना प्रकाशित गरिएको छ।

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल:**

१. **मिति, समय र स्थान :**
- मिति: २०८२ पौष २६ गते
- समय : विहान ९:०० बजेदेखि
- स्थान: गाउँपालिका सदरमुकामको खेलमैदान

२. **खेल सञ्चालन प्रक्रिया:**
- गन्यापधुरा गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको एउटा टिम सहभागी हुन सक्नेछ।
- गाउँपालिका अन्तर्गतका वडाहरुले सम्बन्धित वडाका जनप्रतिनिधि, वडा अन्तर्गतका कार्यालय तथा सामुदायिक र संस्थागत विद्यालयहरुमा कार्यरत कर्मचारी तथा शिक्षकहरुलाई मात्र टिममा सहभागी गराउन पाउनेछन्। एउटा वडाले एउटा टिम मात्र सहभागी गर्न पाउनेछ।
- खेल FIVB- Federation Internationale de Volleyball को नियमानुसार खेलाइनेछ।
- खेलाडीहरुको पोसाक गाउँपालिकाले उपलब्ध गराउनेछ। खाना, बस्न र यातायात लगायतका खर्च सम्बन्धित वडाले नै व्यहोर्नु पर्नेछ।
- प्रथम, द्वितीय र तृतीय हुने टिमलाई मेडल र नगद रकम सहित पुरस्कृत गरिनेछ।
- कुनै खेलमा विवाद उत्पन्न भएमा आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ।

३. **पुरस्कार :**
- **प्रथम :** मेडल र नगद पुरस्कार रकम रु. १५,०००/- (अक्षरेपी रु. पन्ध्र हजार मात्र)
- **द्वितीय :** मेडल र नगद पुरस्कार रकम रु. १०,०००/- (अक्षरेपी रु. दश हजार मात्र)
- **तृतीय :** मेडल र नगद पुरस्कार रकम रु. ५,०००/- (अक्षरेपी रु. पाँच हजार मात्र)

४. **टिम दर्ता गर्ने अन्तिम मिति :** २०८२ पौष २४ गते कार्यालय समय सम्म।

५. उद्घाटनको समयमा खेलाडीलाई अनिवार्य रुपमा खेल मैदानमा सहभागी गराउनु पर्नेछ।

**थप जानकारीका लागि :** तस्वीर सिंह घटाल, शिक्षा अधिकृत ( ९८६८८९६२८९),
नर बहादुर बुढा, आलेप अधिकृत (९८४८६३१४८५)
शिव बहादुर महता, सूचना प्रविधि अधिकृत ( ९८५८७८३०४२)